संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा: ४५,०००/-
अन्तिम पृष्ठ पुरा: ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिबृद्धि कर जोडिनेछ।

■ बर्ष-१५, ▶▶ अंक ३६३ ▶▶ साउन ६ बुधबार,२०७८, July–21 Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

साईकलले दिएको खुशी र सम्बृद्धि

❖ **बेद कुमारी राई**

उदयपुर, साउन ५

साईकल चलाएर उदयपुरका युवा, उद्यमीहरुले व्यक्तिगत फाईदा मात्र लिएका छैनन् राज्य र समाजलाई समेत सकरात्मक उपलब्धीहरु दिलाएका छन्। यिनै सकरात्मक कुराहरु खोजेका छन् **मुलुकी दैनिक**का संबाददाता ***बेदकुमारी राई***ले।

नरेश कुमार महत्तो
(युवा ब्यवशायी)
गाईघाट, उदयपुर

मैले साईकल यात्रा सुरु गरेको १ बष भयो । साईकल दिनमा २ - ३ घण्टा चलाउँछु । कहिलेकाहि साईकल अभियानमा दिनभर सयौँ किलोमिटर यात्रा गरिन्छ । साईकल चलाएर मैले मेरो शरिरको मोटोपन कम हुने तरिका थाहाँ पाएको छु ।

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर १० बोक्सेका युवा ब्यवसायी दाँयाबाट पहिलो एल्विन बस्नेत आफ्ना साथीहरुसँग साईकल यात्रामा गाईघाटदेखि सप्तकोशी चतरासम्म करिब ८० किलोमिटर दुरीमा यात्राको क्रममा । तस्बिर - मुलुकी ।

दिपक राई (युवा समाजसेवी)
गाईघाट, उदयपुर

मैले साईक्लिङ यात्रा सुरु गरेको ५ बर्ष भयो । साईकल यात्रा गरेर मलाई धैरै किसिमको फाईदा भएको छ । यसले मेरो कम्मरको दुखाई,घुँडाको दुखाई, दम, मुटु सम्बन्धी, मोटोपना जस्ता बिभिन्न रोगहरुलाई कभर गरेको छ। हाम्रो शरिरको रोगसँग लड्ने क्षमता बढाएको छ। - ***बाँकी २ पेजमा***

सेवाग्राही र कर्मचारीको समस्या नगरपालिकाले बुझ्यो

❖ **बुद्धि कुमार राई**

त्रियुगा(गाईघाट), साउन ५

त्रियुगा नगरपालिका उदयपुरको कार्यालय भित्र रहेको शौचालयको अबस्थाबारे मुलुकी दैनिक्ले साउन ४ गते सोमबार समाचार प्रकाशन गरेको थियो ।

नगरपालिका भित्र रहेको शौचालयको अबस्थाबारे नगरपालिका प्रशासन बेखबर हुँदा नगरपालिकामा सेवा लिन आउने हजारौ सेवाग्राही र नगरपालिकामानै काम गर्ने सयौँ कर्मचारी शौचालय गर्न नपाउँदा समस्यामा थिए ।

नगरपालिकाको तिनतले भबनमा ६ वटा शौचालय छन्। जस्मा शौचालय फोहोर, पानी प्रयोगको लागि पुरानो फोहोर बाल्टिनमात्र थिए। ढोका समेत हातले पक्रेर शौचालय गर्न बाध्य थिए कर्मचारी तथा सेवाग्राही ।

त्रियुगा नगरपालिकाका सेवाग्राही र कर्मचारीले प्रयोग गर्ने शौचालय साउन ४ गते सोमबारको अबस्था । तस्बिर - मुलुकी ।

त्रियुगा नगरपालिकाका सेवाग्राही र कर्मचारीले प्रयोग गर्ने शौचालय साउन ५ गते मंगलबारको अबस्था । तस्बिर - मुलुकी ।

मुलुकी दैनिकमा समाचार प्रकाशन भएको २४ घण्टा बित्न नपाउँदै नगरपालिका सेवाग्राही र कर्मचारीको समस्याको समाधान गर्न अघि बढेको हो । अहिले नगरपालिकाको सबै शौचालयमा साधारण सबै सुविधा उपलब्ध भएको छ ।

हामी स्थानीय हौं, स्थानीय उत्पादन नै उपयोग गरौं, गिरीबन्धु प्लाष्टिकका पाइप !

गिरिबन्धु रि. प्लाष्टिक उद्योग

सम्पादकिय

सबै काम मेयरले गर्नुपर्ने

त्रियुगा नगरपालिका किन चर्चाको बिषय बनिरहेको छ भन्ने जिज्ञासा लाग्न सक्छ नगरबासीलाई। यसको सही उत्तर भनेको नगरपालिकाका प्रमुख मेयर बलदेब चौधरीको सचिबालयले मेयर चौधरीलाई सहयोग गरेनन्। नगरपालिकाका मेयर भनेको बजार सफाई गर्ने, सडकपेटी खुल्ला गर्ने, कार्यालय ब्यवस्थापन गर्ने नभई नगरपालिकालाई कसरी उपमहानगरपालिका बनाउन सकिन्छ भनेर नगरबासीको सेवा सुविधाको स्तर माथि बढाउने ध्यानमा मेयर, उपमेयर लागिरहेका छन् ।

नगरपालिकाको शौचालय सफाई सफाई गर्न भनेर ३ जना सफाईकर्मी राखेका छन्। साउन ४ गते सोमबार अनुगमनमा जस्तो अबस्थामा शौचालयको अबस्था देखियो त्यो अबस्था २४ घण्टा नबित्दै परिवर्तन भयो । यसको मुल कारण हो त्रियुगा नगरपालिकाका प्रशासकिय अधिकृत लक्ष्मणबहादुर थापाको कमजोरी । उनी अहिले बिदामा काठमाडौ गएका छन् । उनी नहुँदा कार्यालयको जिम्मेवारी अर्का प्रशासकिय अधिकृतले लिनुपर्यो । कार्यालय समयभित्र त्रियुगा नगरपालिकाका कर्मचारी मोबाइल चलाएर बस्छन्, गित सुन्छन् । कर तिर्न आएका नगरबासी कर्मचारी अभावमा घण्टौ लाईनमा बस्छन्। यो कसको कमजोरी हो। सामान्य कर समेत तिर्न नगरवासी जनताले लाईन लाग्नुपर्ने, भिडमा तानातान गर्नुपर्ने ? अहिले कर लिने ठाउँमा दुई जना कर्मचारी छन् । नगरको १६ वटा वडाको सेवाग्राही हजारौको सङ्ख्यामा नगरपालिका आउँछन् । के दुई जना कर काट्ने कर्मचारीले पुग्छ ?

नगरपालिकाको कार्यालय सफाईको लागि मेयर, उपमेयर लाई भनिराख्नुपर्छ ? कर्मचारीले के गरेर समय बिताउँछन् ? त्रियुगा नगरपालिकाका १२ जना नगर प्रहरीको लागि एउटा ट्याक्टर, टिफर, ट्रक नहुनु कतिको न्यायपूर्ण कुरा हो। नगरप्रहरीले सडकपेटीमा राखिएको सामान उठाएर हातमा बोकेर ल्याउँछ ? यो जिम्मेवारी कसको हो ? नगरपालिका भित्रको बत्ती, नाली, ढल सफाईको लागि मेयरलाई नै फोन गर्नुपर्ने ? मेयरका सचिबालयका कर्मचारीहरु काम गर्न सक्दैन, आफ्नो जिम्मेवारी पुरा गर्न सक्दैन भने परिवर्तन गर्नुपर्छ या कामको जिम्मेवारी लिनुपर्दछ । मेयरका प्रेस सल्लाकारको काम के हो ? मेयरका स्वकिय सचिवको काम के हो ? मेयरका सल्लाकारहरुको काम के हो ? नगरपालिकाको शौचालयमा ६ वटा ६ सयको जग किन्न समाचार नै लेख्नुपर्ने अबस्था किन आयो ? कि नगरपालिकाका कर्मचारीले यो जनप्रतिनिधि मेयर, उपमेयरको कार्यकाल सकिनै लाग्यो भनेर नटेरेका हुन ? हो आफु बस्ने घर, कार्यालय ठिक ठिक स्थानमा सहि तरिकाले चल्नुपर्यो । नगरबासीले तिरेको करबाट तलब सुविधा लिएर जिविकोपार्जन गरेका कर्मचारीहरुले आफ्नो जिम्मेवारी पुरा गर्नुपर्यो ।



त्रियुगा उद्योग वाणिज्य संघको अत्यन्त जरुरी सूचना

त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
TCCI

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

एमाले – दश बुदे र अलच्छिना सपना ।

❖ रमेश चन्द्र रोक्का
क्याम्पस प्रमुख
त्रियुगा जनता बहुमुखी क्याम्पस, मोतिगडा, गाईघाट
उदयपुर

> *समाजवादी कार्यदिशामा पार्टीलाई लैजानका निम्ति आज उप्रान्त निजी स्कुल , निजी अस्पताल र म्यानपावर कम्पनी सञ्चालकहरुलाई पार्टीको नगर कमिटी भन्दा माथिको जिम्मेवारी नदिने साथै कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी टिकट र राजकीय नियुक्ति नगर्ने ।*
>
> *६, प्रदेश सरकार र प्रदेश पार्टी कमिटीमा ६० वर्ष ननाघेका सुयोग्य पार्टी सदस्यलाई मात्र जिम्मेवारी दिइनेछ भने जिल्ला , नगर र गाउँ तहका सरकार तथा पार्टी कमिटीमा ५० वर्ष ननाघेका सुयोग्य सदस्यलाई मात्र जिम्मेवारी दिइनेछ ।*

साथीले राम्रै खाजा खुवाउँछु भन्दै मलाई दरबारमार्गको कुनै होटेलमा छिरायो। सायद तीन तला माथिको भ्याल छेउको क्याबिनमा बसेर पानी पिउँदै गर्दा सिसाले बारेको पल्लो पट्टीको ठूलो हलमा निक्कै जना मानिसहरु यताउता गरेको देखिन्छ। मलाई क्याबिनमै छोडेर साथी तेता हान्निए , म समय कटाउन कचौराबाट मकैका फूल झिक्तै चपाउन थालें, केही बेरपछी साथी हान्निँदै आएर मलाई उतै जाऊँ भन्दै तान्न थाले ।

कौतुहल बोकेर म पछि लागें , हलमा पुगेपछी मैले चिनेका केही नेता देखें , नमस्ते टर्क्याएँ। बाँकी सँग मुस्कुराएँ ।

साथीले बडो ढुक्कका साथ मलाई देखाउँदै भने- रमेश सरको भाषा एकदम राम्रो छ , यो काम उहाँलाई जिम्मा दिऊँ !

उनले मलाई सम्झाउँदै अह्राए - यहाँ बस्नु भएका कमरेडहरु हाम्रा एमालेका दोस्रो र तेस्रो तहका दुबै खेमाका नेताहरु हुनुहुन्छ, एकताको वार्तामा बस्नु भएको रहेछ , एकताको कुरा लगभग मिलेछ तर सहमतिको स्पिरिट अनुसारको भाषामा सहमति हुन सकेनछ , लु त रमेशजी , राम्रो पाराले लेखिदिनु परो ; ठ्याक्कै १० बुँदामा !

म अलिक डराएँ , ट्वाँ परेको देखेर मलाई अलिअलि चिनेका दोस्रो तहका कमरेडले ढाडस दिँदै भने - लेख्नुस न , पछि परिमार्जन गर्न मिल्ने गरि , यो त ठूलो अवसर पाउनु भाको छ तपाईले ।

सबैको मुख नियालें मैले , लामो सास फेरेर हुन्छ भनें , अनि त्यहाँ असरल्ल परेका १० बुँदेका खेस्रा कागजका पानाहरु टिपेर आफ्नै टेबुलमा आएँ।खेस्रा कागज ओल्टाइ पल्टाइ हेरें ,१० होइन ५० बुँदामा पनि सारांश खिच्न नसकिने रहेछ। एक आपसमा बाझिने कुरा त्यत्तिनै , अर्थ न बर्थका वाक्यांशहरु उत्तिनै , बडो फसादमा जाक्किएँ छु म !

धेरै बेर घोरिए पछि मैले यसरी लेखिदिएँ -

हामी दुबै पक्ष हाम्रो गौरवशाली पार्टीको नाम , यसको विचार, सिद्धान्त तथा जनता समक्ष निर्वाचनताका गरिएको वाचा अनुसार पार्टीलाई अझ जुझारु , लोकप्रिय र सशक्त संगठन सहित अजेय पार्टी बनाउन निम्न काम गर्न सहमत छौं।यी सहमतिका बुँदाहरु आजै स्थायी कमिटीको बैठकद्वारा अनुमोदन गराई कार्यान्वयन गरिनेछ भनी हस्ताक्षर गरेका छौं।

१, पार्टीको कुनै पनि कमिटीमा ६५ वर्ष माथिका व्यक्ति सदस्य हुन नपाउने।तर सल्लाहकार समितिमा राख्न बाधा हुनेछैन ।

२, हाल केन्द्रीय कमिटीमा वहाल रहेका ६५ वर्ष नाघेका पूर्व प्रधानमन्त्री र पूर्व उप-प्रधानमन्त्रीहरुलाई ससम्मान पार्टी संरक्षक मण्डलमा राखिनेछ ।

३, एक व्यक्ति एक मुख्य पद अर्थात पार्टी अध्यक्ष , महासचिव , प्रधानमन्त्री , राष्ट्रपती , सभामुख ,मुख्यमन्त्री आदिमा लागू गरिनेछ। तर सांसद वा मन्त्रीसरहमा बस्न बाधा हुनेछैन ।

४, सरकारको मुख्य जिम्मेवारी लिन इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत सम्पत्ति सबै पार्टीकरण वा राष्ट्रियकरण गर्नु पर्नेछ।

५, समाजवादी कार्यदिशामा पार्टीलाई लैजानका निम्ति आज उप्रान्त निजी स्कुल , निजी अस्पताल र म्यानपावर कम्पनी सञ्चालकहरुलाई पार्टीको नगर कमिटी भन्दा माथिको जिम्मेवारी नदिने साथै कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी टिकट र राजकीय नियुक्ति नगर्ने।

६, प्रदेश सरकार र प्रदेश पार्टी कमिटीमा ६० वर्ष ननाघेका सुयोग्य पार्टी सदस्यलाई मात्र जिम्मेवारी दिइनेछ भने जिल्ला , नगर र गाउँ तहका सरकार तथा पार्टी कमिटीमा ५० वर्ष ननाघेका सुयोग्य सदस्यलाई मात्र जिम्मेवारी दिइनेछ।

७, हरेक पार्टी सदस्यले उत्पादनमुलक काम (कृषि , पशुपालन , उद्योग) गरि स्व-आर्जनले लेबी तिरेको हुनुपर्ने छ ।साथै सामाजिक व्यवहार गर्दा राज्यका प्रचलित कानून तथा पार्टी आचार संहिता र जनवादी मूल्यमान्यता अनुसार बिहेबारी लगायत्का संस्कार गर्नुगराउनु पर्नेछ

८, स्थानीय तहको जिम्मेवारी पाउन कम्तिमा कक्ष उतिर्ण गरि १० वर्ष पार्टी काम गरेको र आफ्नै उद्यमले जीवननिर्वाह गरेको हुनुपर्ने छ । प्रदेश तहको सबै खाले जिम्मेवारी पाउन कम्तिमा +द उतिर्ण गरि १५ वर्ष पार्टी काम गरेको र ५ जना मान्छेलाई आफ्नै उद्यममा रोजगारी दिएको हुनुपर्नेछ; यसैगरी संघीय संसद र केन्द्रीय समितिमा जिम्मेवारी पाउन कम्तिमा Bachelors` तह उतिर्ण गरि २० वर्ष पार्टी काम गरेको र आफ्नै उद्यममा १० जना मान्छेलाई रोजगारी दिएको हुनुपर्ने छ

९, हरेक पार्टी सदस्यले आफ्ना सन्ततिलाई सार्वजनिक शिक्षालयमा पढाउनु पर्नेछ ,हरेक सदस्यले आफ्नो र परिवारको स्वास्थ्य उपचार सरकारी अस्पतालमा गराउनु पर्नेछ र हरेक सदस्यले प्रतेक हप्तामा ५ घन्टा आफू बसोबास गरेको स्थानमा स्थानीय पार्टी कमिटीको मातहतमा रही स्थानीय वडाले तोके अनुसारको निशुल्क श्रमदान गर्नु पर्नेछ।

१०, पार्टी कमिटीको अधीनमा व्यक्ति हुने , पार्टीको नीति तथा सिद्धान्त बमोजिम सबै तहका सरकार सञ्चालन हुने, सामुहिक हितका निम्ति सामुहिक निर्णयद्वारा सामुहिक प्रयत्न गर्ने र अन्ततः प्राप्त उपलब्धि / प्रतिफल पनि सामुहिक रुपमा वितरण गर्ने। यश विपरीत हुने सबै खाले क्रियाकलाप पार्टी हित विपरीत हुने हुँदा कार्यवाहीको भागिदार हुने

--------------=======

मैले पहिलो ड्राफ्ट तयार गरेर दिएँ , सबै नेताहरु तँछाडमछाड गर्दै हेर्न / पढ्न थाले , अलिक डर लागो मलाई , अनि छेउमा आउन साथीलाई इशारा गर्दै थिएँ ; होहल्ला जस्तो भयो । ....

" के साह्रो निदाएको हँ यस्तो दिउँसो ? बाहिर को साथीले बोलाउँदै छन , लौ उठेर हेर हेर को रछ ! "

बुबाले कराए पछि पो झल्याँस्स भएँ , खाना खाएर यसो पल्टेको , भुस्स निदाएँछु ; कस्तो उडन्ते सपना देखें नि मैले !! अलच्छिना नलागोस है !!

(रमेश चन्द्र रोक्कको फेसबुकबाट साभार गरिएको लेख ।)

साईकल ....

विश्वराज भट्टराई
(त्रि.न.पा. ११ वडाध्यक्ष्य)

खेलकुद मानिसको बृद्धि विकास हुने लक्ष्यका साथ of]; fQ{Sn ª ofqfnfQ{a9fpg vf]h/x}\$f 5f} .

lqoUf gu/kflnsfn] of]; fQ{Sn ª nfQ{Joj l:yt / /fd|f] ¥kl/r fng ug{\$f nflu lqoUf gu/kflnsf; ¥; xsfo{ u/]cufl8 al9/x}\$f]5 .xfdL त्रियुगा नगरपालिका र साईकिलीङ संघ बसेर विभिन्न सहकार्यका साथ कुन् कुन् कार्यक्रम कसरी गर्ने, कहाँ कहाँ गर्ने कस्तो कार्यक्रम गर्ने भन्ने बारेमा सहकार्य गरेर अगाडि बढिरहेका छौं । गतवर्ष पनि हामीले साईक्लिङ यात्राको महत्सव समेत भएको छ ।

यही वर्षमा हामीले सबै त्रियुगा नगरपालिका क्षेत्रमा साईक्लिङ ट्र्यायाक बनाईसकेका छौं । मानिसको स्वास्थ्य र वृत्ति विकासमा खेलकुदको महत्वपूर्ण भूमिका हुने भएकाले सम्पुर्ण नगरवासीलाई खेलकुद क्षेत्रमा लाग्न पनि म आह्वान गर्न चाहन्छु।

मोहन निरौला
(निर्माण व्यवसायी,गाईघाट)

मैले साईकिलिङ यात्रा गर्न थालेको डेड बर्ष भयो ।यसले स्वास्थमा धेरै ठुलो काम गर्छ । मेरो शरिरका ९० प्रतिशत रोग निवारण भएको छ। स्वास्थको लागि गरिएको यो साईकिलीङमा बढ्दै गएको पेट्रोल खर्च, आयातित पैसाहरु,दैनिक प्रयोग गरिने मोटर साईकलमा आउने खराबि जस्ता कुराहरुबाट मुक्त हुन साईक्लिीङ बाट सहज हुन्छ। स्वास्थमा राम्रो हुने,पेट्रोल खर्च बच्ने,प्रदुषणबाट हरियाली सफा सुन्दर देश,गाउ र नगर बनाउन सकिने जस्ता यस्का फाइदाहरु छन् ।



- बाँकी ३ पेजमा

१५ बर्षदेखि फरार २ पक्राउ

❖ मुलुकी संवाददाता

उदयपुर, साउन ५

पन्ध्र बर्षअघि आपराधिक गतिबिधिमा संलग्न भई फरार जिल्लाका दुई अभियुक्तलाई उदयपुर प्रहरीले पक्राउ गरेको छ। फरार अभियुक्त खोजी गरी कारबाही गर्ने अभियान अन्तर्गत जवरजस्ती करणी र चोरी आरोपका अभियुक्तलाई छुट्टाछुट्टै ठाउँबाट प्रहरीले नियन्त्रणमा लिएर फैसला कार्यान्वयन गर्न अदालत पठाएको हो ।

पक्राउ पर्नेमा ५ वर्षअघि जवरजस्ती करणी उद्योग आरोपमा फरार रहेका जिल्लाको चौदण्डीगढी नगरपालिका ८ सिद्धिपुरका ४१ वर्षीय विजय थुलुङ सोमबार साँझ पक्राउ परेका छन् । उनीमाथि ०७३ माघ १८ गते एक महिलालाई जवरजस्ती करणी गर्न खोजेको आरोप प्रहरीमा दर्ज थियो ।

जिल्ला अदालतले दोषी करार गरे पनि अहिलेसम्म फरार रहँदै आएकाले खोजी गर्ने क्रममा लुकिछिपी बसेको ठाउँबाट उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी सुबासचन्द्र बोहराले बताए। फरार सूचीमा रहेका थुलुङलाई इलाका प्रहरी कार्यालय बेलटारको टोलीले खोजी गर्ने क्रममा फेला पारेर पक्राउ गरी जिल्लामा बुझाएको हो । त्यस्तै १५ वर्षअघि चोरी अभियोगमा जिल्ला अदालतबाट दोषी करार भई कैदर जरिवानाको फैसला सुनाइए पनि भाग्दै आएका त्रियुगा नगरपालिका ८ का ३५ वर्षीय विजय चौधरी पनि सोमबारै पक्राउ परेका छन्। चौधरीलाई विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयको टोलीले सोमबार साँझ ५:०० बजे पक्राउ गरेको हो ।

०६३ साल कात्तिक १३ गतेको फैसला अनुसार चौधरीलाई १२ दिन कैद र ७ सय ५० रुपैंया जरिवाना तोकिएको छ। थुलुङ र चौधैरी दुवैलाई फैसला कार्यान्वयनका लागि मंगलबार जिल्ला अदालत उदयपुरको जिम्मा लगाइएको एसपी बोहराले बताएका छन् ।

साईकल ....

पूर्व सभासद मणी खम्बु किराती राई

दिपक राई

बरिष्ठ पत्रकार नारायण वाग्ले



जितु रोईला
(अध्यक्ष - नेपाल साईकिलिङ संघ उदयपुर)

उदयपुरमा साईक्लिङ यात्रा २०७० देखि सुरु गरिएको हो। अहिलेसम्म जम्मा ८ वर्ष पुरा भएको छ। यसको मुख्य उदेश्य भनेको उदयपुर नेपालको पर्यटकीय क्षेत्रहरुको उजागर गर्ने, जीवन शैलिमा परिर्वतन ल्याउने र लागु औषध दुर्ब्यसनबाट टाढा राख्ने जस्ता प्रमुख उदेश्य रहेको छ। कोशी टप्पु भन्ने ठाउँमा अहिलेसम्मकै यहाँको महत्वपुर्ण कार्यक्रम भएको छ। त्यसमा नेपालभरी २५ जिल्लाका मानिसहरु आएर घुमिसकेका छन्। साथै एउटा राष्ट्रिय स्तरको खेलकुद साईक्लिङ प्रतियोगिता सम्पन्न भएको छ। यो कार्यक्रम वर्षमा एक चोटी हुन्छ। यो कुनै साईकल रेस प्रतिस्पर्धा जस्तो नभएर नियमबद्ध रुपमा आफ्नुले आफुलाई मुल्यांकन गर्ने गरी सामान्य रुपमा यात्रा गर्ने गरिएको छ।

मुलुकी दैनिक पत्रिकाको मासिक शुल्क पठाईदिनुहुन अनरोध छ। निशुल्क पत्रिका पढेर अरुको श्रमको शोषण नगरौ। सम्पर्क – ९८४२९८५१८८।

सगरमाथा
डिपाटमेन्ट स्टोर
गाईघाट, उदयपुर

सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामान्हरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर
SAGARMATHA

प्रोपाइटर - किरण चामलिङ राई

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्पित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोंडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

प्रोपाइटर - भरत चामलिङ राई

पाहुना कतार पुग्ला कनकाकाफ क्वाटरफाइनल

❖ बिबेक राई

गाईघाट, साउन ५

कोपा अमेरिका र यूरोकपपछि अहिले कनकाकाफ गोल्डकपले फुटबल प्रेमीहरुको ध्यान तानिरहेको छ । उत्तर अमेरिका महादेशले खेल्ने भनेर चिनिएको कनकाकाफ गोल्डकपमा मध्य अमेरिका र क्यारिबियन क्षेत्रका राष्ट्रहरुले पनि सहभागिता जनाउने गरेका छन् । सन् १९६३ देखि सुरु यस प्रतियोगितालाई सुरुमा कनकाकाफ च्याम्पियनसिप भनेर खेलाइन्थ्यो । हरेक दुई वर्षमा हुने यस प्रतियोगितालाई १९८९ सम्मको १० औं संस्करणसम्म यसै नामबाट खेलाइयो ।

पछि १९९१ देखि कनकाकाफ गोल्डकपको नामबाट पहिलो संस्करण भन्दै हालसम्म यसै नाममा सञ्चालन भइरहेको छ । यस नामबाट गपना गर्दा अहिले अमेरिकामा भइरहेको यो प्रतियोगिता १६ औं संस्करण हो । तर सुरुका च्याम्पियनसिप नामबाट खेलाइएको पनि गपना गर्ने हो भने यो २६ औं संस्करण हुन आउँछ । अहिले अमेरिकामा १६ राष्ट्रले चार समुहमा विभाजित भएर प्रतियोगिता खेलिरहेका छन्। हरेक समुहका विजेता र उपविजेताले शिर्ष आठ अर्थात क्वाटरफाइनल खेल्न पाउछन् ।

सहभागि ती १६ राष्ट्रमध्ये १५ राष्ट्र छनौट भएर आएका हुन् भने अन्तिम एक राष्ट्र कतार भने निम्तो पाउँदै पाहुना टोलीको रुपमा आएको हो । कतारको यस प्रतियोगितामा पहिलो सहभागिता हो । गत संस्करणको एएफसी एसियन कप विजेता तथा आउँदै गरेको वर्ल्डकपको आयोजक भएको नाताले कतारले यस प्रतियोगितामा पाहुना टोलीको निम्तो पाएको हो । कतार अहिले यस प्रतियोगिताको समुह डी मा छ । समुह डी मा कतारसँगै होण्डुरस, पानामा र ग्रेनेडा पनि छन् ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको महिला फुटबल खेलाडीहरु आफ्नो पूर्व कोच दिपक थापाका साथमा खुशीका साथ सामुहिक तस्बिर खिचाउँदै । तस्बिर - मुलुकी ।

नेपाली समयअनुसार दुई दिनअघि सोमबार बिहान भएको खेलबाट मेक्सीको र इल साल्भाडोर समुह ए को विजेता र उपविजेता बन्दै शिर्ष आठ पुगिसकेका छन् । सोही दिन समुह बी बाट आयोजक अमेरिका र क्यानाडा पनि समुह विजेता र उपविजेताको हैसियतमा शिर्ष आठ अर्थात क्वाटरफाइनल पुग्न सफल भए । अब समुह सी र डी बाट क्वाटरफाइनल पुग्ने बाँकी चार टोलीको टुंगो लाग्न बाँकी छ। समुह सी र समुह डी का अन्तिम दुई खेल एकैदिन अर्थात आज हुँदैछ ।

समुह सी का अन्तिम दुई खेलमा कोस्टा रिका र जमैका तथा सुरिनाम र ग्वाडलप एकअर्कासँग प्रतिस्पर्धा गर्दैछन् । यी दुवै खेल अलगअलग स्थान तर एकै समय बिहान ४:४५ बजे हुनेछ । समुह सी बाट कोस्टा रिका र जमैका आआफ्ना दुई खेल जितेर यसअघि नै क्वाटरफाइनल पुगिसकेका छन्। यी दुईको एकअर्काविरुद्धको खेल समुह विजेताको छिनोफानोको लागिमात्र हो भन्दापनि फरक पर्दैन । समुहका तीनमध्ये आफ्ना दुवै खेल हारेर प्रतियोगिताबाट बाहिरिसकेको सुरिनाम र ग्वाडलपको लागिभने औपचारिक खेलमात्र हो ।

त्यसपछि समुह डी का अन्तिम दुई खेल भने केहि रोचक हुनेछ । बिहान ६:४५ बजे पानामा र ग्रेनेडा तथा होण्डुरस र कतारले प्रतिस्पर्धा गर्दैछन् । होण्डुरसले क्वाटरफाइनल सुरक्षित गरिसकेको हुनाले हारेपनि केहि फरक पर्नेछैन तर कतारलाई भने हारले फरक पर्नु सक्नेछ । कतारको चार अंक र पानामाको एक अंक छ। समुहको सुरुकैखेलमा पानामा र कतारले ३-३ को बराबरी खेल्दै एकएक अंक बाँडेका थिए। त्यसैले अहिले आएर अन्तिम खेल दुवै टोलीलाई महत्वपूर्ण भएको हो ।

पानामाले ग्रेनेडामाथि जीत हातपारेमा र उता कतारले होण्डुरससँग पराजित भएमा दुवैको समान चार अंक हुँदा गोलअन्तरमा एक टोली अघि बढ्नेछ। पानामाले खेल हारेमा वा बराबरीमात्र खेलेमा पनि पाहुना टोली कतारले मौका पाउनेछ र पानामा बाहिरिनेछ । कतारलाई भने सके जीत नसके बराबरीले पनि अघि बढाउन सक्छ। त्यसैले एसियाको प्रतिनिधित्व गर्दै पाहुना टोलीको रुपमा कनकाकाफ गोल्डकप खेल्नु गएको कतारले पहिलो सहभागितामा समुह चरण पार गर्नु सक्ला के भन्ने चासोको विषय बनेको छ ।

प्रहरीलाई घुस दिन खोज्ने मदिरा व्यापारी पक्राउ

❖ मुलुकी संवाददाता

उदयपुर, साउन ५

उदयपुरका एक मदिरा व्यापारी प्रहरीलाई घुस दिन खोजेको आरोपमा पक्राउ परेका छन् । आईतबार राति सदरमुकाम त्रियुगा नगरपालिका ३ बसपार्कस्थितभन्सार छलीको मदिरा बोकेको ज १ च १५४६ नं. को बोलेरो जीप छुटाउन घुस दिन खोज्ने टीकाबहादुर बस्नेत पक्राउ परेका हुन्।

अन्दाजी १ लाख २० हजार ५ सय मूल्य बराबरको भन्सार छलीको मदिरा बोकेको बोलेरो प्रहरी चेकजाँचको क्रममा पक्राउ परेपछि त्रियुगा नगरपालिकाका ११ गाईघाट बजारका व्यापारी श्रेष्ठले सामान छुटाईदिन भन्दै प्रहरीलाई २५ हजार घुस दिन खोजेका थिए । बोलेरोमा भरी ठूलो परिमाणका सामानको कुनै बील भपाई नभएको पाइएपछि कर छलेर ल्याएको ठहर गर्दै नियन्त्रणमा लिएकोमा बस्नेतले घुस दिन खोजेको प्रहरी आरोप छ ।

उनलाई जिल्ला प्रहरीको हिरासतमा राखेर 'अभद्र व्यवहार गर्न खोज्ने सम्बन्धी' मुद्दा दर्ता गरेर कारबाही अघि बढाइएको प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतमले बताए ।

नारायणी ग्याँस
गाईघाट, डिलर, उदयपुर

बिक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट